# नेपाल भौगर्भिक समाजको
# विधान २०३७
## (तेश्रो संशोधन २०७६ सहित)

(संस्था दर्ताऐन २०३४ को दफा (४) बमोजिम नेपाल सरकारद्धारा पञ्जीकृत)

**नेपाल भौगर्भिक समाज**

**पो.ब.न.२३१**

**काठमाडौं, नेपाल**

**२०७६**

# प्रस्तावना

नेपालमा भौगर्भिक ज्ञानको बढ्दो आवश्यकता र उपादेयतालाई ध्यानमा राख्दै भौगर्भिक उपलब्धिद्वारा राष्ट्रको विकाशमा टेवा दिन र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा यस विज्ञानको विकाशको लागि नेपालमा भौगर्भिक समाजको स्थापना गरिएको छ ।

# नेपाल भौगर्भिक समाजको
# विधान

१. (क) **नाम** : यस संस्थाको नाम "नेपाल भौगर्भिक समाज" र अंग्रेजीमा "NEPAL GEOLOGICAL SOCIETY" हुनेछ ।

(ख) **प्रारम्भ** : यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

[3,4]२. **(क) संस्थाको कार्यालय रहने ठेगाना :** यस सस्थाको मुख्य कार्यालय काठमाडौं महानगरपालिका, वार्ड नं २६ मा रहनेछ ।

**(ख) संस्थाको कार्य क्षेत्र :** यस नेपाल भौगर्भिक समाजको कार्यक्षेत्र काठमाण्डौं जिल्लामा हुनेछ । आवश्यकता अनुसार सम्बन्धित प्रदेश वा स्थानीय तहको स्वीकृति लिई नेपाल भित्र कार्यक्षेत्र विस्तार गरिनेछ ।

**(ग) संस्थाको अस्तित्व :** यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित गैर-नाफामूलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

---

♦♦

[1] पहिलो संशोधन २०५५ द्वारा संशोधित

[2] पहिलो संशोधन २०५५ द्वारा संशोधित/थप

[3] दोश्रो संशोधन २०६५ द्वारा संशोधित/थप

[4] तेश्रो संशोधन २०७६ द्वारा संशोधित/थप

[3]३. **परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "विधान" भन्नाले नेपाल भौगर्भिक समाजको विधान २०३७ लाई सम्झनुपर्छ ।

(ख) "संस्था" भन्नाले नेपाल भौगर्भिक समाजलाई जनाउनेछ ।

(ग) "समिति" भन्नाले यस विधानको दफा १५ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

(घ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा वा विशेष साधारण सभा समेतलाई जनाउँछ ।

(ङ) "पदाधिकारी" भन्नाले संस्थाका पादाधिकारीहरुलाई सम्झनु पर्दछ ।

(च) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियमलाई जनाउँछ ।

(छ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम बिनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

[4](झ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका लाई जनाउनेछ ।

(ञ) "समाज" भन्नाले नेपाल भौगर्भिक समाजलाई जनाउनेछ ।

४. **संस्थाको छाप र चिन्ह** :

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह दफा ३० बमोजिमको ढाँचामा हुनेछ तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रकृयाद्वारा तुरुन्त फेरबदल गरिनेछ ।

५. **उद्देश्य** :

(१) राष्ट्रको विकासका लागि भौगर्भिक विज्ञान तथा खनिज को विकास एवं सम्बर्द्धन गर्ने,

(२) भूवैज्ञानिकहरुको कल्याणको संरक्षण तथा सम्बर्द्धन गर्ने,

(३) समाजका सदस्यहरू बीच पेशागत काममा उच्चतम स्तर कायम गर्न सघाउ पुर्याउने,

(४) वातावरण संरक्षण एवं प्राकृतिक प्रकोप न्युनीकरणको लागि कृयाशील रहने,

(५) नेपाल सम्बन्धी भौगर्भिक विज्ञानको अध्ययन तथा अनुसन्धानलाई प्रोत्साहन दिने,

(६) भूगर्भ सम्बन्धी पत्र-पत्रिका, सामयिकी, पुस्तक, मोनोग्राफ तथा मेमोआर्स आदि प्रकाशन गर्ने,

(७) भौगर्भिक महत्वका विषयहरुमा प्रवचन, गोष्ठी, प्रदर्शनी, छलफल आदि गराउने,

(८) सम्बन्धित क्षेत्रमा स्वदेशी तथा विदेशी संस्थाहरूसँग विचारको आदान-प्रदान, सहयोग र सम्बन्ध प्रवर्द्धन गर्ने,

(९) नेपालको भौगर्भिक क्षेत्रमा भएका काम एवं उपलब्धीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिनिधित्व गर्ने,

(१०) भौगर्भिक विज्ञानको अध्यापन गराउने संस्थाहरुलाई सहयोग गर्ने,

(११) सरकारी तथा गैरसरकारी संस्थाहरुलाई भौगर्भिक सल्लसह तथा प्राविधिक ज्ञान अध्ययन, अनुसन्धान, तालिम, परामर्श उपलब्ध गराउने ।

(१२) समाजको लक्ष्य परिपूर्तिका लागि चन्दा, उपहार आदिद्धारा कोषको संचालन गर्ने, र यस संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न र हक हस्तान्तरण गरी लिन दिन सक्नेछ ।

(१३) समाजको उद्देश्य पूर्तिका लागि अन्य आवश्यक कामहरु गर्ने ।

[4](१४) भौगर्भिक विज्ञानसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पेशागत एवं अनुसन्धानमूलक संस्थाह?सँग साझेदारी तथा सहकार्य गर्ने साथै पेशागत शेवा समेत प्रदान गर्ने ।”

**[3]६. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

यस संस्थाले उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ :

(क) संस्थाले प्रचलित नेपाल कानूनवमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपर्युक्त उद्देश्यहरू कार्यान्वयन गर्नेछ,

(ख) संस्थालाई आवश्यक पर्ने चल-अचल सम्पत्ति खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ,

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्नेछ ।

**७. सदस्यता :**

निम्न बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्तगर्ने व्यक्तिहरू साधारण सदस्य हुनेछन ।

**(१) सदस्य :**

[4]क. मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल जियोलोजी वा ईञ्जिनियरिङ्ग जियोलोजी वा हाईड्रोजियोलोजी सम्बन्धि विषयमा कम्तिमा माष्टर्स डिग्री (स्नातकोत्तर) गरेको वा सो सरहको उपाधिको स्तर निर्धारणमा जियोलोजी विषय खुलेको प्राप्त गरेको व्यक्ति वा माईनिङ्ग ईञ्जिनियरिङ्गमा ब्याचलर्स डिग्री (स्नातक) उपाधि प्राप्त गरेको व्यक्ति ।

[4]ख. धारा ७-२) ग) मा उल्लेखित अनुसारको योग्यता पुगेका व्यक्ति । तर त्यस्तो सदस्यता कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाको बहुमतबाट मात्र प्रदान गर्न सकिनेछ ।

**(२) सह-सदस्य :**

[4]क. धारा ७-१) क) मा उल्लेखित तथा यससँग सम्बन्धित विषयमा ब्याचलर्स डिग्री (माईनिङ्ग इन्जिनियरिङ्ग बाहेक) वा सो सरहको उपाधि प्राप्त गरेको व्यक्ति ।

ख. खनिज विकास तथा उत्खनन कार्यमा सक्रिय रुपमा संलग्न व्यक्ति ।

[द्ध]ग. भौगर्भिक विज्ञानमा पुरानो शिक्षा प्रणाली अन्तर्गत २ अथवा ३ वर्षे बि.एस्सी. डिग्री प्राप्त गरी कम्तीमा ५ वर्षको कार्यानुभव हासिल गरेको र कम्तिमा ५ बर्ष अटुट रुपमा समाजको सह-सदस्य रहि भौगर्भिक क्षेत्रमा सकृयता साथ काम गरेको वा भूगर्भशास्त्र विषय लिई ४ वर्षे बि.एस्सी. डिग्री प्राप्त गरी ३ वर्ष अटुट रुपमा सह-सदस्य रहि भौगर्भिक क्षेत्रमा सकृयता साथ काम गरेको प्रमाणित भएमा पूर्ण सदस्यको लागि योग्य मानिने छ ।

(३) **आजिवन सदस्य :**

[4]कार्यकारिणी समितिले निर्धारित गरेको सम्पूर्ण शुल्क एक वर्षभित्रै बुझाउने धारा ७ (१) मा उल्लेखित जुनसुकै सदस्यलाई आजीवन सदस्यता प्रदान गरिनेछ । तर यस्तो आजीवन सदस्यता शुल्क दश बर्षको सदस्यता शुल्क भन्दा कम हुने छैन ।

८. **सदस्यता प्रदान गर्ने अधिकारी :**

(१) धारा ७-१) क), -२) क) तथा (३) अन्तर्गत दिइने सदस्यता कार्यकारिणी समितिले प्रदान गर्नेछ ।

२) धारा ७-१) ख) तथा -२) ख) अन्तर्गत दिइने सदस्यता कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाले प्रदान गर्नेछ ।

(३) सदस्यताको लागि आवेदन दिँदा तोकिएको ढाँचामा फाराम भरी कम्तीमा २ सदस्यहरूको सिफारिश सहित कार्यकारिणी समितिमा दिनु पर्नेछ ।

९. **सदस्यता प्राप्त व्यक्तिको अधिकार र कर्तव्य :**

[4]१) समाजको सदस्यता प्राप्त गरेका सबै किसिमका सदस्य तथा धारा ११ मा उल्लेखित सम्मानित सदस्यलाई साधारण सभाको बैठकहरूमा भाग लिने, छलफल गर्ने तथा आफ्नो सुझाव दिने अधिकार हुनेछ।

(२) मतदानमा भाग लिने तथा निर्वाचित हुने अधिकार धारा ७ (१) तथा (३) अन्तर्गतका सदस्यलाई मात्र हुनेछ ।

[4]३) समाजको उद्देश्य अनुरुपको कार्य गर्नु, प्रत्येक सदस्यता प्राप्त व्यक्ति तथा सम्मानित सदस्यको कर्तव्य हुनेछ ।

## १०. सदस्यता शुल्क :

[1](१) सदस्यता शुल्क कार्यकारिणि समितिले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

[1](२) आउँदो वर्षको वार्षिक सदस्यता शुल्क अघिल्लो वर्षको श्रावण-भाद्र महिना भित्रमा बुझाई सक्नुपर्ने छ । तीन वर्षसम्म शुल्क नबुझाउने सदस्य र सह-सदस्यको सदस्यता स्वतस् खारेज हुनेछन । त्यस्ता व्यक्तिले फेरि सदस्यता प्राप्त गर्न चाहेमा सम्पूर्ण बाँकी सदस्ता शुल्क बुझाएर पुरानै सदस्यता कायम राख्न सक्ने छ वा नयाँ सदस्यता प्राप्त गर्ने विधि अनुरुप नयाँ सदस्यता प्राप्त गर्न सक्नेछ ।

## ११. सम्मानित सदस्य (Honorary Fellow) :

[3](१) भूविज्ञानको कुनै क्षेत्रमा विशिष्ट देन दिएका व्यक्तिहरुलाई कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाको निर्णयबाट वर्षको बढीमा दुई जनालाई सम्मानित सदस्यता **(Honorary Fellow)** प्रदान गर्न सकिनेछ ।

(२) समाजको उद्देश्य पूर्तिको लागि एकमुष्ट ठूलो रकम (चल वा अचल सम्पत्तिको रुपमा) प्रदान गर्ने वा भूविज्ञानको विकासमा ठूलो देन दिएका व्यक्तिलाई कार्यकारिणी समितिको सिपारिशमा साधारण सभाको निर्णयबाट सम्मानित सदस्यता प्रदान गर्न सकिनेछ ।

## १२. साधारण सभा :

(१) साधारण सबा समाजको सर्वोच्च अंग हुनेछ । साधारण सभाका निर्णयहरु समाजको निर्णय मानिने छन ।

(२) साधारण सभाको वार्षिक हरेक साल श्रावण-भाद्र (अगस्ट) महिनामा बस्नेछ । यस्तो बैठक कार्यकारिणी समितिको निर्णयबाट महासचिवले बोलाउने छ ।

(३) कार्यकारिणी समितिले कुनै विषयमा बैठक बोलाउन आवश्यक ठानेमा सो विषय खोली साधारण सभाको विशेष बैठक बोलाउन सक्नेछ । यस्तो बैठकको सूचना महासचिवले दिनेछ । महासचिवले सुचना नदिएमा वा निज अनुपस्थित रहेमा अध्यक्षको सहमति लिई उप-महासचिवले सूचना गर्नेछ ।

[1](४) समाजका सदस्यहरु मध्ये कम्तीमा १५ प्रतिशतले निर्णय गर्नुपर्ने विषय समेत खोली विशेष बैठक बोलाई पाउँ भनी कार्यकारिणी समितिमा दरखास्त दिएमा त्यस्तो दरखास्त प्राप्त भएको सात दिनभित्र कार्यकारिणी समितिले विशेष बेठक बोलाउन सूचना गर्नेछ ।

[1](५) उप-धारा (४) अनुसार कार्यकारिणी समितिले बैठक बोलागन इन्कार गरेमा वा नबोलाएमा सो व्यहोरा खोली उप(धारा (४) बमोजिमको दरखास्तमा उल्लेखित विषयलाई लिएर समाजका १५ प्रतिशत सदस्यहरुले विशेष बैठक बोलाउन सक्ने छन । तर समाजका २५ प्रतिशत भन्दा बढी सदस्य उपस्थित नभई विशेष बैठक बस्न सक्ने छैन ।

[3,4](६) साधारण सभाको गुणपूरक संख्या कुल सदस्य संख्याको कम्तिमा ५१% हुनु पर्नेछ । तोकिएको स्थान र समयमा गणपूरक संख्याको अभावमा साधारण सभा हुन नसकेमा कम्तिमा दुई हप्तापछि अर्को साधारण सभा बोलाईनेछ, जसमा गणपूरक संख्याको बन्देज रहने छैन् । त्यस बैठकको उपस्थित संख्याको बहुमतले उक्त धाराहरु संशोधनको निर्णय गर्नुपर्छ ।

(७) साधारण सभाको बैठकहरुमा उपस्थितको सामान्य बहुमतको निर्णय बैठकको निर्णय हुनेछ । तर कुनै पनि पदाधिकारी वा सदस्यता प्राप्त व्यक्तिमाथि महा(अभियोगको प्रस्ताव, कार्यकारिणीमाथि अविश्वासको प्रस्ताव, विधान संशोधन गर्ने प्रस्ताव भने बैठकमा उपस्थित सदस्य

संख्याको कम्तीमा दुई तिहाईको बहुमतले निर्णय गरेमा मात्र साधारण सभाको निर्णय मानिने छ ।

(८) साधारण सभाको वार्षिक वा विशेष बैठक बोलाउँदा सम्पूर्ण सदस्य, सम्मानित सदस्य, सह-सदस्यहरुलाई सूचना पुग्ने गरी कम्तीमा ७ दिन र बढीमा ३० दिन अगावै सूचित गर्नु पर्नेछ ।

(९) महा-अभियोगको प्रस्ताव, विधान संशोधन गर्ने प्रस्ताव, सम्मानित सदस्यता प्रदान गर्ने प्रस्तावको विषय बैठक बोलाउने सूचनामा उल्लेखित नभई बैठकले निर्णय गर्ने छैन ।

**१३. साधारणसभाको काम कर्तव्य र अधिकार :**

(१) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

(२) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण-प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरू माथी छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(३) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

(४) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(५) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

(६) कार्यसमितिद्धारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

[4](७) सम्मानित सदस्यता (Honorary Fellow) प्रदान गर्ने ।

(८) कार्यसमितिबाट संस्ताको हित सनुकुल भएका काम-कारवाहीहरूको, औचित्य हेरी अनुमोदन गर्ने ।

(९) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यक्ता अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१४. महा-अभियोग :**

कुनै पनि सदस्य जानीजानी समाजको हित वा समाजको विधान वा समाजको निर्णय विरूद्ध कृयाकलापमा संलग्न भएको छ वा समाजको प्रतिष्ठामा आघात पुर्याउने काम जानीजानी गरिरहेको छ भन्ने महा अभियोग लगाई प्रस्ताव प्रस्तुत भएमा साधारण सभाको कूल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वाशको प्रस्ताव पारित हुनेछ त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन । यसरी सदस्यताबाट हटाईएको व्यक्तिले समाजको कुनै किसिमको सदस्यता प्राप्त गर्न सक्ने छैन । तर त्यस्तो महाअभियोगको प्रस्ताव आएको व्यक्तिलाई सफाई दिनको निमित्त मानसिव मौकाबाट बंचित गरिने छैन ।

**१५. कार्यकारिणी समिति :**

(१) समाजको कार्य संचालन गर्न र साधारण सभानबसेको बेला समाजको नाममा आवश्यक निर्णय एवं कार्य गर्न-गराउन एक कार्यकारिणी समिति रहनेछ । कार्यकारिणी समिति साधारण सभा प्रति उत्तरदायी रहनेछ ।

(२) आवश्यक परेमा कार्यकारिणी समितिकले प्रतिनिधि मण्डल नियुक्ति गर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि मण्डलले, सो नियुक्ति सम्बन्धी निर्णय एवं समाजको विधान र अन्य निर्णयहरुका अधिनमा रहि गरेको काम समाजले गरेको मानिनेछ ।

(३) कार्यकारिणी समितिमा निम्नलिखित पदाधिकारीहरू रहनेछन :

क) अध्यक्ष १

ख) उपाध्यक्ष १

ग) महासचिव १

घ) उप-महासचिव १

ङ) कोषाध्यक्ष १

च) कार्यकारिणी सदस्य ३

[1]छ) गत कार्यकारिणी समितिका निवर्तमान अध्यक्ष-पदेन सदस्य १

[1]ज) उपधारा ४(ख) अनुसार मनोनित गरिएको अवस्थामा मनोनित कार्यकारिणी सदस्य वढीमा ४

(४) [3]क) उपधारा ३ (छ) र (ज) बाहेकका पदाधिकारीहरुको निर्वाचन समाजका सदस्यहरुले गोप्य मतदानद्धारा गर्ने छ र निजहरुको पदावधि सामान्यता दुई वर्षको हुनेछ ।

[1]ख) उपधारा ३ (ज) बमोजिम पदाधिकारीहरुको मनोनयन गर्न आवश्यक ठानेमा समाजका सदस्यहरु मध्येबाट बढीमा ४ जनालाई कार्यकारिणी समितिलर चालु अवधिसम्मका निम्ति, मनोनयन गर्न सक्नेछ ।

[3](५) निर्वाचित पदाधिकारीहरुको पदावधि गणना गर्दा निर्वाचन जुन मितिमा भएको भए पनि सो वर्षलाई एक वर्ष सरह गणना गरिनेछ । यस धाराको प्रयोजनको लागि वर्ष भन्नाले ई.स. को सेप्टेम्बर महिनाको शुरु दिनदेखि अगष्ट महिनाको आखिरी दिनको अवधि मानिने छ । पदाधिकारीहरुको निर्वाचन सामान्यतया हरेक दोस्रो वर्षको अगष्ट महिनाभित्र गरनेछ ।

(६) उपस्थित हुन नसक्ने वा नसकेको सन्तोषजनक कारणको जनाउ नदिई लगातार तीन बैठकमा अनुपस्थित भएमा कार्यकारिणी समितिको

दुइतिहाईको निर्णयले त्यस्तो पदाधिकारीलाई बढीमा साधारण सभाको बैठकसम्मको अवधिका लागि निलम्बित गर्न सक्नेछ । र त्यस्तो निलम्बित पदाधिकारीहरुलाई महा-अभियोगको रुपमा प्रस्ताव नआए पनि साधारण सभाको दुईतिहाई बहुमतले सो पदबाट हटाउन सक्नेछ ।

(७) कार्यकारिणी समितिका दुई जना पदाधिकारीले बैठक बोलाउन लिखित माग गरेमा ७ दिन भित्र बैठक बोलउनु पर्ने छ । तर अध्यक्ष वा महासचिव दुबैले बैठक नबोलाएमा निजहरुले आफैं कार्यकारिणी समितिको बैठक बोलाउन सक्ने छन । कार्यकारिणी समितिको बैठक बोलाइएकोमा अध्यक्ष वा उपाध्यक्ष सहित कार्यकारिणी समितिको ५१% पदाधिकारी उपस्थित भएमा गणपुरक संख्या पुग्ने छ ।

(८) देहायको अवस्थामा कार्यकारिणी समितिका पदाधिकारीको पद रिक्त हुनआउने छ :-

क. समाजको सदस्यता नरहेमा,

ख. पदाधिकारीले आफ्नो पदबाट राजिनामा दिएमा,

ग. साधारण सभाले कुनै कारणबाट हटाइएमा,

घ. सेवा, अध्ययन, तालिम, अनुसन्धानका लागि एक वर्षभन्दा बढी समयको निमित्त नेपाल बाहिर जानु पर्ने भई अनुपस्थित हुने भएमा,

[2]ङ. निजको मृत्यु भएमा ।

(९) रिक्त पदको पुर्ति :

क) उपधारा (८) अनुसार रिक्त हुनआएको पदको पूर्ति साधारण सभाले बाँकी अवधिको लागि गर्नेछ । यसरी पदपुर्ति नहुँदा सम्मको लागि कायम रहेका पदाधिकारीहरुबाट बनेको समितिलाई नै यस विधान बमोजिमको कार्यकारिणी समिति मानिनेछ ।

ख) कुनै पदाधिकारीको पद रिक्त हुन आएमा कार्यकारिणी समितिले रिक्त पद पूर्ति नहुँदासम्मको लागि कायम रहेका पदाधिकारीहरु बीच सो कार्यको बाँडफाँड गर्नेछ ।

[1](१०) सामान्यतया प्रत्येक २ महिनामा कार्यकारिणी समितिको बैठक बस्नेछ ।

**१६. पदाधिकारीहरुको अधिकार र कर्तव्य :**

(१) अध्यक्ष :

क) कार्यकारिणी र साधारण सभाको अध्यक्षता गर्नेछ ।

ख) साधारण सभा वा कार्यकारिणी समितिको बैठक नबसेको बेला समाजको हितमा काम गर्नु गराउनु र समाजको उद्देष्य अनुरुप यसको क्रियाकलापलाई विस्तृत र गहन रुपमा अगाडी बढाउनु अध्यक्षको कर्तव्य हुनेछ ।

ग) माथि खण्ड 'ख' को कर्तव्य पालनाको क्रममा महासचिवलाई आवश्यक निर्देशन दिनेछ । निर्देशन मौखिक वा लिखित कुनै पनि हुनसक्ने छ ।

घ) महासचिवलाई कार्यकारिणी समितिको बैठक बोलाउन निर्देशन दिनेछ । लिखित निर्देशन दिँदा पनि महासचिवले बैठक नबोलाएमा वा महासचिव वा उप-महासचिव दुबै अनुपस्थित भएमा अध्यक्ष स्वयंले बैठक बोलाउन सक्नेछ ।

ङ) कार्यकारिणी समितिमा कुनै विषय विषयमा मतदान भै मत गणना गर्दा बराबर मत आएमा निर्णायक मत दिनसक्नेछ ।

(२) उपाध्यक्ष :

समाजका निर्णयहरु कार्यान्वयन गर्न गराउन सक्रिय रही अध्यक्षलाई सघाउ पुर्याउने छ । अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्नेछ ।

(३) महासचिव :

क) अध्यक्षको निर्देशन अनुसारका वा आफूले आवश्यक ठानेमा अध्यक्षसँग सल्लाह गरी कार्यकारिणी समितिको बैठक बोलाउने छ ।

ख) बैठकको निर्णय पुस्तिका र यो विधान वा यस अन्तर्गत बनेका नियमावली वा बैठकका निर्णयहरुले अन्य पदाधिकारीहरुको जिम्मा रहने भनी तोकिएका सम्पत्ति कागजात बाहेक सबै सम्पत्ति कागजात आफ्नो जिम्मामा राख्नेछ ।

ग) समाजको दैनिक कार्य संचालन गर्नेछ ।

घ) साधारण सभाको बैठकमा वार्षिक प्रतिवेदन र अन्य बैठकहरुमा समाजका गतिवाधि एवं कार्य प्रगतिको जानकारी दिनेछ ।

ङ) समाजको उद्देश्य पूर्तिका लागि यसका निर्णयहरुको कार्यान्वयन गर्न-गराउन सक्रिय रहनु महासचिवको कर्तव्य हुनेछ ।

(४) उप-महासचिव :

समाजका निर्णयहरु कार्यान्वयन गर्न-गराउन सक्रिय रही महासचिवलाई सघाउ पुर्याउने छ । महासचिवको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने छ ।

(५) कोषाध्यक्ष :

[4](क) समाजको सम्पूर्ण हिसाब राख्ने र साधारण सभाको वार्षिक बैठकमा आर्थिक प्रतिवेदन पेश गर्नेछ ।

[4](ख) समाजको चल अचल सम्पतिको साथै कोष तथा लेखा सम्बन्धि सम्पूर्ण कुराको अद्यावधिक अभिलेख राख्ने ।

(६) कार्यकारिणी सदस्य :

क) समाजका निर्णयहरुको कार्यान्वयनमा सक्रिय रही समाजको प्रतिष्ठा बढाउन सजग रहनु कार्यकारिणी सदस्यको कर्तव्य हुनेछ ।

ख) यो विधान वा यस अन्तर्गत बनेका नियम वा बैठकहरुका निर्णयहरुबाट सुम्पिएका कार्यहरु सम्पादन गर्ने-गराउने छ ।

१७. **सदस्यता खारेज हुने सम्बन्धमा :**

१) यस विधान बमोजिम हटाइएमा,

२) राजीनामा दिएमा,

[1]३) वार्षिक सदस्यता शुल्क बुझाउनु पर्ने म्यादभित्र लगातार तीन वर्षसम्म सदस्यता शुल्क नबुझाएमा,

[2]४) मृत्यु भएमा,

[2]५) मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा,

[2]६) फौजदारी अपराध अन्तर्गत दण्ड सजाय भोगेको खण्डमा ।

[3]१८. **लेखा परीक्षण :**

[4](१) संस्थाको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षणबाट हुने छ,

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाब-किताब जाँच गर्न(गराउन सक्नेछ,

[4](४) लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(५) संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

## १९. विधान संशोधन :

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय हधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ । स्थानिय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ र स्वीकृत विधानको एक प्रति समाज कल्याण परिषद्मा पेश गर्नु पर्नेछ ।

## २०. निर्वाचन :

[3]१) प्रत्येक दुई वर्षमा हुने कार्यकारिणी समितिका पदाधिकारीहरूको निर्वाचन कार्यकारिणी समितिद्धारा निर्वाचन मितिभन्दा कम्तीमा अढाई महिना अगावै गठित निर्वाचन समितिद्धारा सम्पन्न गरिनेछ ।

२) यस विधान बमोजिम पहिलो निर्वाचन यो विधान लागु बैसकेपछि बसेको पहिलो वार्षिक बैठकमा हुनेछ ।

[1]३) यो विधान स्वीकृत गरी समाज गठन गर्न बसेको सभाद्धारा एक वर्षको अवधिको लागि पहिलो कार्यकारिणी समिति र त्यसका पदाधिकारीहरु यस विधान बमोजिमको कार्यकारिणी समिति र पदाधिकारी मानिनेछन ।

[3,4](४) सामान्यतया निर्वाचन हरेक दुई वर्षको अगष्ट महिनामा हुनेछ । तर अगष्ट महिनाको आखिरी दिनसम्म पुरानै पदाधिकारीहरुको पदावधि कायम रहनेछ र नवनिर्वाचित पदाधिकारीहरुको पदावधि सेप्टेम्बर महिनाको पहिलो दिनदेखि शुरु हुनेछ । निर्वाचन परिणामको घोषणा भएको मितिदेखि ७ दिनको वा पहिलो सेप्टेम्बर अघिसम्मको अवधि

बुझ-बुझारथको अवधि हुनेछ । यस्तो अवधिमा कार्यकारिणी समितिको बैठक नव निर्वाचित कार्यकारिणी समितिले समेत भाग लिएको संयुक्त बैठक हुनेछ ।

५) साधारणसभाको सूचना प्रकाशित हुनु भन्दा अगाडीसम्म सदस्यता लिएका सदस्यले मताधिकारमा भाग लिन पाउने छन ।

६) निर्वाचनको सूचना निस्कनु भन्दा अगाडीसम्म मनोनयन पत्र दाखिल गर्ने दिनमा संस्थाको साधारण वा आजीवन सदस्यको रुपमा १ वर्ष अवधि पूरा गरी सकेको साधारण सभाको मताधिकार प्राप्त जुनसुकै सदस्य कार्यकारिणी समितिको कुनै पदाधिकारी वा सदस्यको रुपमा सम्मेदवार हुन सक्नेछन ।

७) निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

८) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

९) निर्वाचन सम्पन्न भएको भोली पल्ट निर्वाचन समिति स्वतस् विघटन हुनेछ ।

२१. **खाता संचालन :**

संस्थाको बैंक खाता कोषाध्यक्ष (अनिवार्य) र अध्यक्ष वा महासचिव मध्ये कुनै एकको संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था गरीने छ ।

२२. **कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहायबमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

**२३. सामाजको गठन, विधान स्वीकृति, संस्थापक सदस्यहरू :**

१) सदस्य हुनका निमित्त यो विधान अनुसारको योग्यता पुग्ने व्यक्तिहरुको सभाले यो विधान स्वीकृत गरी समाजको स्थापना गर्ने छन ।

संस्थापकहरुको हैसियतले निजहरु यस विधान बमोजिमका सदस्यहरु मानिने छन । सदस्यताको योग्यता नपुग्ने कुनै व्यक्तिले समाज स्थापना गर्दा मतदान गरेको ठहर्न आएमा सो कारणले समाज स्थापनाको निर्णयमा कुनै असर पर्ने छैन । तर त्यस्तो योग्यता नपुगेका व्यक्तिलाई समाज स्थापना गर्ने निर्णयमा भाग लिएको नाताले मात्र सदस्यता प्राप्त हुने छैन ।

**२४. आर्थिक श्रोत :**

सदस्यता शुल्क, संस्थालाई प्राप्त हुन आएको चल वा अचल सम्पत्ति र यस्तो सम्पत्तिबाट बढ-बढाएको जेथा, नेपाल सरकार वा कुनै संस्था वा व्यक्तिबाट प्राप्त हुन आएको अनुदान, सहयोग, उपहार, समाजको आर्थिक श्रोत हुनेछ । तर विदेशी सहयोग लिँदा नेपाल सरकारको पूर्व स्वीकृति लिइनेछ ।

**२५. विविध :**

१) यो विधान अन्तर्गत रही कार्यकारिणी समितिले आवश्यक नियम, विनियमहरू बनाउन सक्नेछ ।

२) कार्यकारिणी समितिले आवश्यकता अनुसार आयोग, परिषद् समिति, उप-समितिहरू तथा वैज्ञानिक अनुसन्धान, छात्रवृत्तिका साथै पुरस्कारको लागि विशेष कोष गठन गर्न सक्नेछ । यस्ता समिति र उप-समितिमा कार्यकारिणी समितिबाट कम्तिमा एकजना पदाधिकारी रहनेछ ।

**२६. संस्था खारेजी (विघटन) :**

१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू संस्थाको हिसाब-किताब गर्नाको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरू नियुक्त गर्न सक्नेछन ।

३) उपदफा (२) बमोजिम नियुक्ति लिक्विडेटर र लेखा परीक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४) यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय(जेथा नेपाल सरकारको हुनेछ ।

**२७. ऐन अनुसार हुने (निष्कृयता) :**

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानून संग बाझिन गएमा बाझिएको हद सम्म स्वत: निष्कृय हुने छन ।

**२८. व्याख्या :**
यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**२९. गोप्यता भंग गर्न नहुने :**
यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लील शव्दको प्रयोग गर्न पाइने छैन ।

**३०. संस्थाको छाप र चिन्हको वितरण :**

**क) चिन्ह :** दुई त्रिभुजको बीच भागमा क्रस गरिएका दुई वटा हथौडा रहने छन र हथौडाको मुनि २०३७ लेखिएको हुनेछ । भित्री त्रीभुजको बायाँतर्फ नेपालीमा 'नेपाल भौगर्भिक समाज' तथा दायाँ तर्फ अंग्रेजीमा **'Nepal Geological Society'** लेखिएको हुने छ ।

**ख) छाप :** समाजको चिन्ह पहाडको मुनि क्रस गरिएका दुईवटा हथौडा र त्यसको मुनि 'देव्यै पृथ्वै नमः २०३७ - १९८०' लेखिएको हुनेछ । साथै पहाडको माथिल्लो भागमा 'नेपाल भौगर्भिक समाज' र पहाडको फेदमा **'Nepal Geological Society'** लेखिएको छ ।

---

♦♦

[1] पहिलो संशोधन २०५५ द्वारा संशोधित

[2] पहिलो संशोधन २०५५ द्वारा संशोधित/थप

[3] दोश्रो संशोधन २०६५ द्वारा संशोधित/थप

[4] तेश्रो संशोधन २०७६ द्वारा संशोधित/थप